# भूमि अधिकार अभियान

## मासिक खबर

वर्ष : १ अङ्क : १ साउन, २०७१

**कृषि बजेट**

### भूमिहीन, महिला र साना किसानसम्म पुग्नुपर्छ



सरकारी बजेटको मुख्य हिस्सा नागरिकले बुझाउने कर हो । कर तिर्ने मध्येपनि सरकारले कमजोर नागरिकका लागि बढी कार्यक्रम र बजेट छुट्याउनुपर्छ । तर व्यवहार त्यस्तो छैन, जो मोटा र धनी हुन् तिनैले बढी बजेट पाउँछन् । कृषि क्षेत्रमा गत वर्षको तुलनामा थोरै बजेट बढेको छ । तर त्यस्तो कार्यक्रम र बजेटमा साना, महिला र भूमिहीनको ठाउँ भने ज्यादै कम छ । बजेट बनाउनु पहिले र पछि सर्वसाधारण नागरिकसँग सरकारले छलफल गर्ने परिपाटी छैन । 'कृषि बजेटमा साना, महिला र भूमिहीन किसान' विषयमा साउन १६ गते काठमाडौंमा आयोजित बहुपक्षीय सरोकारवाला छलफल भयो । छलफलमा डडेलधुरा, दैलेख, सुर्खेत, चितवन, सिन्धुपाल्चोकलगायतका किसान, कृषि विकास मन्त्रालयका वरिष्ठ बाली विकास अधिकृत डा. हरिबहादुर केसी, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्री, कृषि विभागका वरिष्ठ कृषि अर्थविज्ञ भरत कँडेल, कृषि विज्ञ डा. कृष्ण पन्त र विश्लेषक हरि रोक्का, योजना आयोगकी विष्णुदेवी पौडेल, सञ्चारकर्मी, विभिन्न सङ्गठनका प्रतिनिधिलगायत २५ महिलासहित ५३ सहभागी थिए ।

छलफलमा अहिलेको कृषि बजेट ठूला किसानमुखी भएको चर्चा भयो । बजेट तर्जुमा गर्दा साना, महिला र भूमिहीन किसानले के पाउँछन् ? भन्ने सोचाई राखेर सो सम्बन्धमा छुट्टै शिर्षकमा बजेट छुट्याउनु पर्ने माग किसानको छ । भूमि सुधारलाई नसमेटिएको बजेटले साना र भूमिहीन किसानलाई नछुने दाबी उनीहरूको छ । अहिलेको बजेटमा भएको केही राम्रा व्यवस्थालाई किसानको घरदैलो र खेतबारीसम्म पुऱ्याउन सबैले पहल गर्ने छलफल भयो । आगामी बजेट बनाउनुपूर्व जिल्ला र केन्द्र तहमा यस्तो छलफल गर्ने पनि सहमति भएको छ ।




कुल बजेट- ६ खर्ब १८ अर्ब १० करोड

कृषिमा २३ अर्ब, २८ करोड

## भीमदत्तको सम्झना, भूमि सुधारको अपेक्षा



'भूमिहीन, किसानका सपना साकार पारौं, भीमदत्त पन्तलाई सम्मान गरौं' सन्देशका साथ किसान नेता भीमदत्तको सम्झना गरियो । साउन १७ मा किसान नेता पन्तको ६२ औं स्मृति दिवस हो । भूमि अधिकार मञ्च स्थापना भएयता किसान नेता पन्तको स्मृति दिवस मनाउने गरिएको छ । कैलाली, कञ्चनपुर र डडेलधुरामा ५७४ विरुवा रोपियो । डडेलधुरामा 'भीमदत्तको किसान आन्दोलन र आजको सान्दर्भीकता'बारे छलफल भयो । कञ्चनपुर र बैतडीमा भिमदत्त स्मृति प्रतिष्ठान, भूमि अधिकार मञ्च, हलिया मुक्ति समाज, ईन्सेक र महिला शक्ति केन्द्रको संयुक्त आयोजनामा अन्तरक्रिया भयो । यस अवशरमा बोल्नेहरूले भूमि सुधारबिना नेपालको अनुहार नफेरिने र त्यसका लागि सरकार कहिल्यै तयार नभएको बताएका थिए । सुकुम्बासीले सुरक्षित बास, मजदूरीले उचित ज्याला र भूमिहीन किसानले जग्गा पाएमा मात्र भीमदत्तको सम्झानाको अर्थ हुने उनीहरूको भनाई थियो ।

## सभासद्लाई पत्र

भूमिमा हदबन्दी लगाउने कि नलगाउने ? हदबन्दी बढीको जग्गा राज्यले लिँदा क्षतीपूर्ती दिने कि नदिने ? भूमि सुधारसम्बन्धी व्यवस्था संविधानमा लेख्नुपर्छ वा कानुनले मात्र समेट्छ ? यी विषयमा संविधान सभा भित्र र बाहिर छलफल भइरहेको छ । भूमि सुधार सम्बन्धमा संविधानमा नै स्पष्ट किटिनुपर्छ । हदबन्दी लगाई त्यसमाथिको जग्गा भूमिहीन र साना किसानलाई वितरण गर्नुपर्छ भन्ने सम्झाउँदै भूमिहीन किसानले आआफ्ना क्षेत्रका सभासद्लाई पत्र पठाउन थालेका छन् ।

यसक्रममा सुदूरपश्चिम क्षेत्रबाट ५१ सभासद्लाई २३४ र पूर्वी क्षेत्रका सर्लाही, महोत्तरी र रौतहटबाट ११८३ हस्तलिखित पत्र संविधान सभामा प्रतिनिधित्व गरिरहेका सभासद्हरूलाई पठाइएको छ ।

यस्तो पत्र देशैभरबाट भदौभरि सभासद्हरूलाई पठाउने कार्यक्रम छ । पठाइएको पत्रमा 'भोक अन्त्यका लागि भूमि सुधार गरिनुपर्ने, उत्पादनको साधन जल, जमिन र जङ्गलमा सबैको न्यायिक पहुँच हुनुपर्ने' आदि विषय समेटिएको छ । राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले संविधानको मौलिक हकमा हरेक नागरिकलाई सुरक्षित आवासको अधिकार, खाद्य अधिकारको हक र यसको लागि खाद्य सम्प्रभूताको ग्यारेण्टी गरिनुपर्ने मुद्दा उठाउँदै आएको छ । भूमिमा न्यायोचित हदबन्दी लगाई त्यसमाथिको जग्गा राज्यले लिई भूमिहीन तथा साना किसानलाई वितरण गरिने व्यवस्था गर्नुपर्ने र हदबन्दीभन्दा माथि भएको र हदबन्दी भित्र वा बाहिर जे भए पनि गैरकानुनी ढङ्गले स्वामित्व लिएका जग्गाको क्षतिपूर्ती दिन नहुने माग रहेको छ ।



माननीय सभासद् ज्यू,

मंसिर ४ गतेको चुनाव अघि हाम्रो झुपडीमा आउनुभयो । झुपडी पवित्र भएको महसुस गर्‍यौं । केही हुने आशाले तपाईंलाई भोट दियौं । तपाईं सभासद् हुनु भएको छ । अब हामीले पनि भरपेट खान पाउने छौं । हामीले खेती गर्ने जमिन पाउनछौं । हाम्रो ओत लाग्ने झुपडी पक्कै बन्नेछ । त्यसैले यो पत्र लेख्दै छौं । तपाईंले संविधानमा भूमि सुधारको विषय जोडतोडले उठाउनुहुन्छ । हामी विश्वासमा छौं र, माघ ४ भित्र संविधान निर्माण गरी हाम्रो झुपडीमा फेरी आउनुहुन्छ ।

जय भूमि ।

उही

-लालसिंह थिङ,

कर्मैया-८, सर्लाही

## पोखरामा वकालतीय र ललितपुरमा लेखन सिप कार्यशाला

साउन १८ देखि २२ सम्म पोखरामा पैरवी सिप विकास तालिम भयो । तालिममा सुर्खेत, डडेलधुरा र दैलेखका ११ महिला, ५ दलित, ६ जनजातीसहित सहभागी थिए । तालिममा विगतका पैरवी रणनीतिका समीक्षा, लुकेर रहेका मुद्दाबारे छलफल, अभियानमा उत्प्रेरणाको महत्व, साझा अभियानको मुद्दा छनौट, समस्या विश्लेषण, रणनीतिक योजनामा जोखिम मार्ग, साझा वकालतको योजना, अनुगमन तथा मूल्याङ्कनलगायतका विषयमा अभ्यास गराइएको छ । तालिमपछि १५ बुँदे कार्ययोजना निर्माण गरी जिम्मेवारी बाँडफाँट गरिएको छ । आगामी दिनमा कार्यकर्ताहरू  स्थानीय मुद्दाहरूमा स्थानीय निकायहरूमा वकालत गर्न सक्ने भएका छन् ।



त्यस्तै, साउन २२ देखि २५ सम्म ललितपुरमा 'लेखन सिप कार्यशाला' भयो । कार्यशालामा लेखन सिप, भाषा सुद्धिकरण, पाठक पत्र, मासिक खबर लेखन, फोटो खिच्ने तरिका, प्रस्तावना, प्रतिवेदन, र घटना अध्ययन लेखनबारे व्यवहारीक अभ्यास गराइएको थियो ।

## किसानले पाए पुर्जा

महोत्तरी, किसाननगर- ६ का गाउँब्लक जग्गामा २०१५ सालदेखि बसोबास गर्दै आएका ४ परिवारले लालपुर्जा पाएका छन् ।  दानबहादुर सुस्लिङ, गोपाल सुस्लिङ, जिवसराज सुवेदी र अम्मरबहादुर बलम्पाकीले ८ कठ्ठा १० धुर जग्गा नापी भई जग्गधानी पुर्जा लिएका छन् । जिल्ला भूमि अधिकार मञ्चको पहलमा नापी भएको जग्गा स्थानीय सर्जमिन मुचुल्काको आधारमा गाउँब्लक बासीले पुर्जा प्राप्त गरेका हुन् ।



## संयुक्त पुर्जा बनाउने थपिए

महिला किसानको भू-स्वामित्व कायम गराउन भूमि अधिकार मञ्चले सञ्चालन गरिरहेको संयुक्त पुर्जा निर्माण अभियानमा सङ्गठित भई ललितपुरमा ७, कैलालीमा १, मोरङमा १, धनकुटामा ८, महोत्तरीमा १ र सुनसरीमा २३ गरी ५९ जोडी किसानले संयुक्त पुर्जा बनाएका छन् । संयुक्त पुर्जा बनाएको जग्गाको क्षेत्रफल ६ बिघा १८ कठ्ठा ३ धुर छ ।

## ऐन फेर्न अन्तरक्रिया

जिल्ला भूमि अधिकार, मञ्च मोरङ, आइओएम र युएन ह्यापिटेटबीच नेपालको वर्तमान भूमि ऐन र यसमा सुधार गर्नुपर्ने पक्षबारे अन्तरक्रिया भयो । छलफलमा जिल्लाका सरोकारवाला निकाय, सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि तथा किसानहरू सहभागी थिए । छलफलमा मोही जग्गा बाँडफाँट गर्न ऐन कार्यान्वयन हुनुपर्ने, बेदर्तावाल मोहीको लगत संकलन गरी मोही अधिकार कायम हुनुपर्ने, सुकुम्बासीको लगत संकलन गरी उपयुक्त जमिन वितरण गरिनुपर्ने, जग्गाको हदबन्दीको सीमा तोकिनुपर्ने विषयमा ऐन संशोधन हुनुपर्ने सुझाव संकलन भएको छ । अन्तरक्रियामा ३५ सहभागी थिए ।

**गुठी समस्याबारे अध्ययन**

नेपाल सरकार भूमि सुधार तथा व्यवस्था मन्त्रालय र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालबीच भएको सहमतिअनुसार गठित गुठी समस्या अध्ययन समितिले पर्वत जिल्लाका सरोकारवाला र गुठीपीडित किसानहरूसँग छलफल गरेको छ । अध्ययन टोलीलाई जिल्ला भूमि अधिकार मञ्चले सघाएको थियो ।

यसैबीच, राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले बिर्ता तथा गुठी जग्गाको विभिन्न जिल्लामा भइरहेको किनबेचबारे भूमि सुधार मन्त्रालयमा ध्यानकर्षण गराएको छ । मन्त्रालयले त्यस्तो कार्य रोक्न जिल्ला मालपोत कार्यालयहरूलाई परिपत्र गर्ने बताएको छ ।

**पहिरो पीडितलाई सहयोग**

सिन्धुपाल्चोक माङ्खामा गएको पहिरो प्रभावितलाई जिल्ला भूमि अधिकार मञ्चले आफ्ना अगुवा र कार्यकर्तामार्फत सहयोग गरिरहेको छ । राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारी र जिल्ला अध्यक्ष नवराज गुरागाँई पहिरो प्रभावित गाउँमा पुगी ४४ हजार रूपैयाँ आर्थिक सहयोग प्रदान गर्नु भएको छ ।

जय भूमि ।

प्रतिक्रियाको लागि :


भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल(NLRF)**
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

CSRC आत्मनिर्भर केन्द्र

**सामुदायिक आत्मानिर्भर सेवा केन्द्र (CSRC)**
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org